☎ ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९

तानसेन नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

तानसेन, पाल्पा जिल्ला

५ नं. प्रदेश, नेपाल

पत्र संख्या :-

# प्रेस विज्ञप्ति

मिति : २०७४ असोज १०

नेपालीहरुको महान सांस्कृतिक पर्व दशैं २०७४ तपाईहरुको विजयको प्रतीक बनोस् । सामाजिक सद्भावबृद्धि र राष्ट्रिय एकता एवम् स्वाभिमान अभिवृद्धिमा कोशेढुंगा सावित होस् । सामाजिक रुपान्तर, पूर्वाधारको दिगो विकास र नयाँ नयाँ प्रविधिको प्रयोग गरी स्वरोजगार सिर्जना र आय आर्जनका उपाय र अवसरको खोजीमा मनमष्तिष्क र हातपाखुरा लागिरहुन् । जलजङ्गल, जडीबुटी र उर्वरभूमि जस्ता प्राकृतिक साधन स्रोतले सम्पन्न विश्वकै अतिरमणीय मातृभूमि नेपालमा समृद्धिका रेखाहरु कोर्न र शान्ति अमनचैन कायम राख्न सम्पूर्ण नागरिकहरु, निर्वाचित जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारीहरु, प्रहरी, सेना र सम्पूर्ण व्यवसायीहरु, संघसंस्थाहरु नयाँ जोश, जाँगर र योजनाका साथ लाग्ने आँट बुद्धिविवेकको प्रयोग गर्न सकौं ।

राष्ट्रको चौथो अङ्गका रुपमा स्थापित सञ्चारजगतको सम्मान, मर्यादा र विश्वासमा बृद्धि हुनुका साथै राज्यतहमा हुने भ्रष्टाचार, ढिलासुस्ती र अनियमितताको उन्मूलनका लागि संञ्चारकर्मीहरुको कलम र माउस अझ प्रखर बन्न सकून् । सारमा यिनै भावनाका साथ तानसेन नगरपालिका सरकारका तर्फबाट विजयादशमी २०७४ को उपलक्ष्यमा हार्दिक मङ्गलमय शुभकामना प्रकट गर्दछौं ।

अशोककुमार शाही

प्रमुख एवम्

**तानसेन नगर सरकार तथा तानसेन नगरपालिका, परिवार**